बागमती प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

# सामाजिक विकास कार्यालय

काभ्रेपलान्चोक

पत्र सङ्ख्या: ०८२।०८३

चलानी नम्बर:

मिति: २०८२।१२।०५

**विषय: सामुदायिक विद्यालयमा सिक्दै-कमाउदै, कमाउदै-सिक्दै कार्यक्रमको लागि विद्यालय छनोट गरिएको सूचना।**

यस कार्यालयको चालु आ.व. २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत **'सामुदायिक विद्यालयमा सिक्दै-कमाउदै, कमाउदै-सिक्दै कार्यक्रम'** कार्यान्वयन सम्बन्धमा मन्त्रालयबाट स्वीकृत "सामुदायिक विद्यालयमा सिक्दै-कमाउदै, कमाउदै-सिक्दै कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२" बमोजिम मिति २०८२।०९।२९ गते सार्वजनिक सूचना प्रकाशन गरी काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, दोलखा र रामेछाप जिल्लाका सामुदायिक विद्यालयहरुबाट प्राप्त प्रस्तावहरुलाई कार्यविधिको दफा ६(१) बमोजिमको विद्यालय छनोट समितिले अनुसूची -२ बमोजिम मूल्याङ्कन गरी यस कार्यालयको मिति २०८२।१२।०४ को निर्णयानुसार तपसिलका विद्यालयहरु 'सामुदायिक विद्यालयमा सिक्दै-कमाउदै, कमाउदै-सिक्दै कार्यक्रम'को लागि छनोट भएकोले सम्बन्धितको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

साथै छनोट भएका विद्यालयहरुसँग सम्झौता तथा अभिमुखीकरण मिति अर्को सूचना मार्फत जानकारी गराइनेछ।

**'सामुदायिक विद्यालयमा सिक्दै-कमाउदै, कमाउदै-सिक्दै कार्यक्रम'का लागि छनोट भएका विद्यालयहरु**

| क्र.सं. | विद्यालयको नाम, ठेगाना | सञ्चालन हुने कार्यक्रम |
|---|---|---|
| १ | तामाकोशी जनजागृति मा.वि., लिखु तामाकोशी गा.पा.-६, रामेछाप | कम्प्युटर हार्डवेयर तथा मोबाइल रिपेयरिङ |
| २ | पार्वती मा.वि., बेथानचोक गा.पा.-२, काभ्रेपलाञ्चोक | कृषि (तरकारी खेती) |
| ३ | सेतिदेवी शारदा मा.वि., सुनकोशी गा.पा.-७, सिन्धुपाल्चोक | कुखुरा पालन |
| ४ | सिद्धेश्वर मा.वि., मन्थली न.पा.-४, रामेछाप | मौरीपालन |
| ५ | बालुवा मा.वि., मण्डनदेउपुर न.पा.-२, काभ्रेपलाञ्चोक | सैलुन |

२०८२।१२।०५

रन माया फ्योक

कार्यालय प्रमुख

फोन नं. ०११-६६१४९२

इमेल: sdokavre@gmail.com